अनुसचीः २

–तथा अनुसूची ४ दफा)१ को भाग–२ सँग सम्बन्धित(

# स्थानीय राजपत्र

**खण्ड : ३, जुम्ला, कर्णाली प्रदेश, संख्या : १, मितिः श्रावण १ गते, २०७८ साल**

तिला गाउँपालिका जुम्लाद्वारा प्रकाशित

भाग–२

## तिला गाउँपालिका
## गाउँ कार्यपालिकाको सूचना

## तिला खोला हाईड्रोपावर कम्पनि लिमिटेडको
## प्रवन्ध पत्र

दफा १८ उपदाफा (६) संग सम्बन्धित कम्पनि ऐन २०६३ अन्तर्गत स्थापना

(शेयरहरुमा सिमित दायित्व भएको)

गाउँसभाको मिति २०७७/३/२७ मा भएको बैठकबाट स्वीकृत

१. **कम्पनीको नामः** यस कम्पनीको नाम तिला खोला हाईड्रोपावर कम्पनी लिमिटेड हुनेछ । अंग्रेजीमा Tila Khola Hydropower Company Limited हुनेछ ।

२. **कम्पनीको रजिष्टर्ड कार्यालय रहने ठेगानाः** (१) यस कम्पनीको रजिष्टर्ड कार्यालय जुम्ला जिल्ला तिला गा.पा. वडा नं. ७ मा रहनेछ । कार्यालयको अनुमति लिई अन्य स्थानमा कम्पनीको रजिष्टर्ड कार्यालय स्थानान्तर गर्न सकिने छ ।

(२) कम्पनीको शाखा कार्यालय ............... जिल्ला ........... रहनेछ ।

(३) सम्बन्धित निकायबाट स्वीकृत लिई अन्य स्थानमा समेत शाखा उपशाखा खोल्न वा स्थानान्तरण गर्न सकिनेछ ।

३. **कम्पनी गर्ने व्यवसाय वा कारोबारको प्रकृतिः** कम्पनीको कारोबार उत्पादन मुलक तथा व्यापार मुलक हुनेछ ।

४. **कम्पनीको उद्देश्यः** (१) यस कम्पनीको मुख्य उदेश्य देहाय बमोजिम हुनेछः

क. तिला खोला हाईड्रोपावर जलविधुत आयोजनाहरु लगायत अन्य जलविधुत आयोजनाहरुको सर्वेक्षण निर्माण उत्पादन संचालन र व्यवस्था गर्ने ।

ख. जलविधुत उत्पादन आपुर्ति वितरण र प्रशारण सम्बन्धी कार्य गर्ने गराउने ।

ग. जलविधुत आयोजनाहरुको निर्माणका लागि जलविधुत आयोजनाहरुको पहिचान गरि आवश्यकतानुसार सर्वेक्षण निर्माण उत्पादन संचालन र व्यवस्थापन गर्ने ।

घ. जलस्रोत बाहेक अन्य श्रोतको पहिचान गरि आवश्यकतानुसार विधुत आयोजनाको सर्वेक्षण निर्माण उत्पादन संचालन र व्यवस्थापन गर्ने ।

ङ. उत्पादित विधुत शक्ति एकमुष्ट बिक्री वितरणका लागि आवश्यक पर्ने सब स्टेशन तथा प्रशारण लाईनहरु निर्माण गर्ने ।

च. आयोजनाहरुबाट उत्पादित विधुत शक्ती बिक्री वितरणका लागि आन्तरिक तथा अन्तरदेशिय विधुत खरिदकर्ताहरु सँग विधुत बिक्री सम्झौता गरी विधुत आयात निर्यात तथा बिक्री वितरण गर्ने गराउने ।

(२) कम्पनीले उपदफा १ बमोजिको उदेश्य कार्यान्वयन गर्न प्रचलित कानुन बमोजिम सम्बन्धित निकायबाट अनुमति वा इजाजत प्राप्त गर्नु पर्ने भएमा सो प्राप्त भएपछि मात्र कार्यान्वयन गरिनेछ ।

(३) उपदफा १ मा उल्लेखित उदेश्यको सम्बन्धमा अनुमति वा इजाजत प्राप्त गरेको पन्ध दिनभित्र त्यस्तो अनुमति वा इजाजतपत्रको प्रतिलिपि कार्यालयमा पेश गरिनेछ ।

५. **<u>कम्पनीको उदेश्य प्राप्त गर्न गरिने कामहरुः</u>** यस कम्पनीले दफा ४ बमोजिमका उदेश्य प्राप्त गर्न देहायका कामहरु गर्न सक्नेछ ।

क. कम्पनीलाई आवश्यक पर्ने जग्गा भवन सवारी साधन र आवश्यक उपकरण खरिद गर्ने वा भाडामा लिई प्रयोग गर्ने ।

ख. कम्पनीलाई आवश्यक पर्ने कर्मचारी नियूक्त गर्ने तथा तिनको सेवाका शर्तहरु निर्माण गर्ने

ग. कम्पनीको नाममा वैंक तथा वित्तीय संस्थानमा खाता खोल्ने र संचालन गर्ने ।

घ. कम्पनीलाई आवश्यक पर्ने रकम वैंक तथा कुनै वित्तीय संस्थाबाट धितो राखी वा नराखी कर्जा लिने ।

ङ. कम्पनीको नामबाट शेयर तथा डिबेन्चर खरिद गर्ने तथा त्यसलाई बिक्री गर्ने ।

च. अन्य आवश्यक कुराहरुः



१. कम्पनीले आवश्यक घर गोदाम तथा अन्य चल अचल सम्पत्ति आदि लीज वा भोग बन्धकीमा लिने निर्माण गर्ने मर्मत संभार गर्न सक्नेछ ।

२. कम्पनीलाई आकस्मिक क्षतिबाट बचाउन कम्पनीको मेसिनरी भवन लगायत सबै प्रकारका सम्पत्तीहरुको आवश्यकतानुसार विमा गराउने ।

३. कम्पनीको नाममा नेपाल अधिराज्यको कुनै पनि वित्तीय संस्था तथा वैंकहरुमा कम्पनीको नाममा खाता खोली रकम जम्मा गर्ने झिक्रे बिल-अफ एक्सचेन्ज प्रोमीशरी नोट चेक आदि जारी गर्ने दरपीठ गर्ने भुक्तानी लिने दिने एल.सि खोल्ने मन्जुर गर्ने यस्तै प्रकारका अन्य आवश्यक कामहरु गर्ने ।

४. कम्पनीलाई आकस्मिक क्षतिबाट सुरक्षार्थ कम्पनीको मेसिनरि भवन लगायत सबै प्रकारका कम्पनी सम्पत्तीहरुको आवश्यकतानुसार विमा गर्ने गराउने ।

५. पहिचान गरिएका आयोजनाहरु निर्माणका लागि आवश्यक अध्ययन तथा सर्वेक्षण गर्ने गराउने ।

६. आयोजनाको सम्भाव्यता सर्वेक्षण निर्माण आदिको लागि आवश्यकता अनुसार परामर्शदाता ठेकेदार तथा आपूर्तिकर्ताको कम्पनीको आर्थिक विनियमावली अनुरुप नियूक्त गर्ने गराउने ।

७. आयोजनाहरुलाई उत्पादित विधुत शक्ती एकमुष्ट बिक्री गर्नको लागि सम्बद्ध पक्षसँग विधुत बिक्रीको सम्झौता गर्ने ।

८. कम्पनीले आयोजनाहरु निर्माणको क्रममा आवश्यक पर्ने वित्तिय श्रोत जुटाउन प्रचलित कानुनको अधिनमा रही कम्पनी नाममा अग्राधिकार शेयर वण्ड डिबेन्चर परिवर्तित वित्तिय उपकरणहरु वा उर्जा ऋणपत्र जारी गरि ऋण उठाउने ।

९. आयोजनाहरुको निर्माण पश्चात् संचालन र व्यस्थापन गर्न गराउने ।

१०. कम्पनीको उदेश्य प्राप्तीको लागि कम्पनीको उदेश्यसँग मिल्दो जुल्दो कार्यमा संलग्न व्यक्ती फर्म वा कम्पनीसँग मुनाफा बढ्ने गरि सम्झौता वा संयूक्त उपक्रमको आधारमा लगानी तथा सहभागितामा काम गर्ने ।

११. कम्पनीको उदेश्य प्राप्तीको लागि लगानी व्यवस्थापन गर्न छुट्टै सहायक कम्पनीको खोल्ने वा अन्य वित्तिय संस्थाहरुलाई सहभागी गराउने वा समान उदेश्य भएका स्वदेशि तथा विदेशि कम्पनीहरु सँग रणनितिक साझेदारी गरी काम गर्ने ।

१२. कम्पनीको उदेश्य अनुसार कार्य गर्न साझेदारीसँग सहमति बमोजिम शेयर लगानी वा परियोजनामा साझेदारी भई काम गर्ने ।

६. **<u>कम्पनीको पूँजीको संरचनाः</u>** (१) कम्पनीको पूँजीको संरचना देहाय बमोजिम हुनेछ ।

(क) कम्पनीको अधिकृत पूँजी रु ६,००,००,००,०००/- (अक्षेरी छ अर्ब) हुनेछ सो पूँजीलाई प्रतिशेयर रु १००/- दरको ६,००,००,०००/- (अक्षेरुपी छ करोड) थान साधारण शेयरमा विभाजन गरिएको छ ।

(ख) कम्पनीको तत्काल जारी गर्ने पूँजी रु ३१००००००००/- (अक्षेरुपी तीन अर्ब दश करोड) हुनेछ । सो पूँजीलाई प्रतिशेयर रु १००/- दरका ३१०००००/- (अक्षेरुपी तीन करोड दश लाख) थान साधारण शेयरमा विभाजन गरिएको छ ।

(ग) कम्पनीका संस्थापकले तत्काल चुक्ता गर्न कबुल गरेको पूँजी रु ३१००००००००/- (अक्षेरुपी तीन अर्ब दश करोड) हुनेछ ।

(घ) कम्पनीका शेयरधनीहरु निम्नानुसार समुह क र ख मा वर्गिकरण गरिएको छ ।

(१) संस्थापक शेयरधनी समुह समुह क

(अ) नेपाली विधुत प्राधिकरण

(२) सर्वसाधारण शेयरधनी समुह ख

(अ) सर्वसाधारण नेपाल नागरिक र कानुन बमोजिम संस्थापित निकाय

(आ) आयोजना प्रभावित जिल्लावासी

(इ) संस्थापक र कम्पनीका कर्मचारी

(ई) अति विपन्न नागरिक सहीद तथा बेपत्ता नागरिक परिवार तथा अपाङ्ग

(ङ) कम्पनीको शेयरको विक्री तथा वाडफाड निम्नानुसार गरिनेछ ।

(१) संस्थापक शेयरधनी समुह - ६८ प्रतिशत संस्थापक शेयरधनी शेयर निम्नानुसार संस्थापक शेयरधनीलाई बाँडफाड हुनेछ ।

(अ) नेपाल विधुत प्राधिकरण -६८ प्रतिशत

(२) सर्वसाधारण शेयर समुह ३२ प्रतिशत सर्वसाधारण शेयरधनीको शेयर निम्नानुसारका जारी गरिनेछ ।

(अ) सर्वसाधारण नेपाल नागरिक र संस्था - १५ प्रतिशत

(आ) आयोजना प्रभावित जिल्लावासी - १० प्रतिशत

(इ) लगानीकर्ता र कम्पनीका कर्मचारी ५ प्रतिशत

(ई) अति विपन्न नागरिक सहीद तथा बेपत्ता परिवार तथा अपाङ्ग २ प्रतिशत

(२) समुह ख अन्तर्गत छुट्याइएको शेयर मध्ये अति विपन्न नागरिक सहीद तथा बेपत्ता नागरिकका परिवार तथा अपाङ्ग नेपाल सरकारले निर्धारण गरे बमोजिम हुनेछ । उक्त शेयर सोही वर्गका नागरिकलाई मात्र विक्री तथा बाँडफाँड गरिनेछ ।

(३) अति विपन्न नागरिक सहीद तथा बेवत्ता नागरिकका परिवार तथा अपाङ्ग विक्री गरिने शेयर सरकारले सहुलियत दरमा विक्री गर्ने प्रवन्ध गरेमा सहुलियत दिईएको रकम सरकारले कम्पनीलाई भुक्तानी गर्नुपर्नेछ ।



(४) जुन समुहको शेयर खरिद गरेको सो खरिद गर्ने व्यक्ती संस्था निकायलाई सोही समुहमा राखिनेछ ।

(५) प्रचलित कानुनको अधिनमा रही कम्पनीले आफ्नो पूँजी तथा स्वामित्वको संरचनामा हेरफेर गर्न सक्नेछ ।

(६) यो कम्पनी संस्थापना गर्ने समयमा चुक्ता पूँजी संस्थापक शेयरधनी बिच मात्र बाँडफाँड गरिने छ । कम्पनीको उक्त पूँजी वृद्धि गर्दा समुह क र ख मा यस दफा बमोजिम शेयरको बिक्री र वाँडफाँड हुने प्रवन्ध गरिनेछ ।

(७) लगानीकर्ता संस्थापक र कम्पनीमा कार्यरत देहायबमोजिमका कर्मचारीहरुको लागि मात्र शेयर वाँडफाँड हुनेछ ।

(८) कम्पनी दर्ता भएको मितिसम्म वहाल रहेका लगानीकर्ता संस्थापकका स्थायी कर्मचारी वा सम्वन्धित निकायबाट शेयर जारी गर्ने अनुमति प्राप्त गरेको मितिसम्म कम्पनीमा बहाल रहेका स्थायी कर्मचारी तथा सो मितिभन्दा १२ बाह्र महिना अघिदेखि अस्थायी वा करारमा कार्यरत कर्मचारी ।

(९) उपदफा ८ बमोजिम कायम हुने कर्मचारीलाई वरावर संख्यामा शेयर खरिद गर्ने अधिकार हुनेछ ।

(१०) भविष्यमा रणनितिक साझेदारीहरुले कम्पनीको शेयरमा लगानी गरी व्यवसाय गर्ने सहमति भएमा समुह क को शेयरमध्येबाट नेपाल विधुत प्राधिकरणको न्युनतम एकाउन्न प्रतिशत शेयर रहने अन्य लगानीकर्ताहरुलाई विक्री गर्न सकिनेछ ।

७. <u>कम्पनीका शेयरको किसिमः</u> यस कम्पनीको शेयरको किसिम देहाय बमोजिम हुनेछः

(१) तत्कालिनका लागि कम्पनीका सबै शेयरधनी साधारण शेयर मात्र रहनेछ । भविष्यमा पूँजीको आवश्यकता तथा सोको पर्याप्तता आधारमा प्रचलित कानुन बमोजिम साधारण सभामा विशेष प्रस्ताव पारित गरी सम्बन्धित निकायको फिर्ता हुने रिडिमेवल फिर्ता नहुने ईरिडिमेवल तथा अन्य प्रकारका शेयरहरु कम्पनीले जारी गर्न सक्नेछ ।

(२) अग्राधिकार शेयर लगायत अन्य कुनै पनि शेयर जारी गर्नुपर्ने भए सोको संख्या प्रतिशेयरको मुल्य त्यस्ता शेयरधनीको हक अधिकार तथा शेयर सम्बन्धि अन्य व्यवस्था प्रचलित कानुन एवं धितोपत्र ऐन तथा निर्देशिकाको अधिनमा रही कम्पनीले निर्धारण गर्नेछ ।

८. **शेयर खरिद वा हस्तान्तरण गर्न कुनै बन्देज रहेको सो सम्बन्धी व्यवस्थाः** (१) कम्पनीले आयोजनाहरुको निर्माण तथा संचालन क्रममा गर्ने कम्पनी ऐन २०६३ को अधिनमा रहि अधिकृत पूँजी तथा जारी पूँजी वृद्धि गर्ने र साधारण शेयर विक्री गरी पूँजी उठाउने कार्य गर्न सक्नेछ ।

(२) संस्थापक बाहेक एक व्यक्ती वा संस्थाले कम्तीमा १० भन्दा कम रु ५००००कित्ता भन्दा बढी शेयर खरिद गर्नसक्ने छैन् । शेयर खरिद गर्न आवेदन गर्दा १० अंकले भाग जाने गरी मात्र गर्नुपर्नेछ ।

(३) कम्पनीले प्रचलित कानुनको अधिनमा रही आफ्नो शेयर व्यक्ती फर्म वा संगठित संस्थालाई विक्री गर्न सक्नेछ ।

(२) कम्पनीको शेयर चल सम्पती सरह प्रचलित कानुनको अधिनमा रहि खरिद विक्री वा हक हस्तान्तरण गर्न सकिने छ।

९. शेयर बापतको रकमको भुक्तानीः (१) कम्पनीले आफ्नो आवश्यकतानुसार संचालन समितिको बैठकबाट निर्णय गरी शेयर बापतको रकम आंशिक वा पूर्ण रुपले भुक्तानी माग गर्न सक्नेछ। -

(२) शेयर बापत रकम माग गर्दा माग गरेको रकम निर्धारण समयमा शेयरधनीले बुझाउनु पर्नेछ। भुक्तानीको म्याद थप माग गर्ने तथा कम्पनीले म्याद दिने जस्ता कुराहरुको व्यवस्था नियमावलीमा उल्लेख भए बमोजिम हुनेछ।

१०. दायित्व सीमित हुनेः यस कम्पनीको कारोबारको सम्बन्धमा शेयरधनीको दायित्व निजले खरिद गरेको वा खरिद गर्न कबुल गरेको शेयरको अंकित मुल्यसम्म मात्र सिमित रहनेछ।

तर कुनै शेयरधनी वा संचालकले सो हैसियतमा तेस्रो पक्षसँग गरेको व्यक्तिगत जमानत सम्बन्धि सम्झौता बमोजिमको दायित्वको हकमा यो व्यवस्था लागु हुने छैन्।

११. अन्य आवश्यक कुराहरुः

१. कम्पनीको संस्थापक गर्दा लागेको खर्च कम्पनीले नै व्यहोर्नेछ।

२. कम्पनीको शेयर रकम भुक्तानी नगदमा नै कम्पनीको बैंक खातामा जम्मा गरी बुझाउनु पर्नेछ।

३. कम्पनीले काम शुरु गर्दाको अवस्थामा संस्थापक वा अन्य कुनै व्यक्तिबाट कुनै सम्पत्ति प्राप्त गरेको छैन्।

४. संस्थापक वा अन्य कुनै व्यत्तिले कम्पनीबाट कुनै विशेष सहुलियत वा अधिकार पाउने छैन्।

५. सम्बन्धित निकायको पूर्व स्वीकृति लिई कम्पनीले आफ्नो कारोवार संचालनका लागि आवश्यक विनियमहरु बनाई लागु गर्न सक्नेछ।

६. कम्पनीले धितोपत्र ऐन तथा नियमावलीले वन्देज लगाएका कार्य गर्न पाउने छैन्

७. कम्पनीले आवश्यकता महसुल गरेमा वीमा समितबाट स्वीकृती प्राप्त गरि कम्पनीको हितको लागि आफ्नो व्यवस्थापन जिम्मा दिने वा परामर्शदातासँग परामर्श लिन सक्नेछ।

८. कम्पनी अविच्छिन्न उत्तराधिकारवाला एक संगठित संस्था हुनेछ।

९. कम्पनी काम कारवाही संचालनका लागि एक छुट्टै छाप हुनेछ।

१०. कम्पनीले आफ्नो नामबाट नालिस उजुर गर्न र यस उपर पनि सोही नाउँबाट नालिस उजुर लाग्न सक्नेछ।

११. कम्पनीको शेयरधनीहरुको दायित्व निजले लिएको वा लिन मन्जुरी गरेको शेयरको मुल्यमा सिमित हुनेछ।



१२. कम्पनीका सबै कामहरु धितोपत्र ऐन तथा धितोपत्र नियमावली र कम्पनी सम्वन्धि कानुन र अन्य प्रचलित कानुन बमोजिम संचालन हुनेछ।

१३. धितोपध ऐन तथा कम्पनी सम्वन्धि कानुन सम्बन्धमा लागु हुने अन्य प्रचलित कानुनमा कुनै संशोधन भएमा यस प्रबन्धपत्र पनि सोही बमोजिम स्वतः संशोधित भएको मानिनेछ। र सोही बमोजिम प्रबन्धपत्रमा संशोधन गरी मिलाउने पर्नेछ।

१४. सम्बन्धित निकायको स्वीकृती प्राप्त गरी सर्वसाधारण समक्ष शेयर विक्री गर्न सकिनेछ।

१५. आयोजनाहरुमा प्रभावित जिल्लाका बासिन्दाहरुलाई छुट्ट्याइएको शेयर धितोपत्र बजारमा सुचिकृत भएको मितिदेखि तिन वर्षसम्म विक्री वा हस्तान्तरण गर्न नसकिने गरि वन्देज गरिएको छ।

१२. **कम्पनीको प्रकृति अनुरुप थप व्यवस्थाः** (१) कम्पनी कार्य शुरु गर्न अगावै सम्वन्धित निकायको इजाजत प्राप्त गरिनेछ।

(२) कम्पनीले संचालन गर्ने आयोजनाको कुनै निकायबाट अध्ययन अनुसन्धान भएको भए त्यस्तो अध्ययन अनुसन्धान कम्पनीलाई उपयोग हुने भएमा कम्पनीले खरिद गर्नसक्नेछ।

१३. **प्रबन्धपत्रमा संशोधन भएमा लागु हुने अवस्थाः** (१) यस प्रबन्धपत्रम कुनै संशोधन गर्नुपर्ने भएमा साधारण सभाबाट विशेष प्रस्ताव पारित गरि सो निर्णय कार्यालयमा अभिलेख भएपछि मात्र प्रबन्धपत्र संशोधन भएको मानिनेछ।

(२) धितोपत्र कारोवार सम्वन्धि प्रचलित कानुन संशोधन भएको खण्डमा यो प्रबन्धपत्रमा पनि सोही अनुरुप संशोधन भएको मानिनेछ र यस प्रबन्धपत्रमा समेत सोही अनुरुप संशोधन गर्नु पर्नेछ।

१४. **प्रबन्धपत्र बाझिएको हदसम्म अमान्य हुनेः** यस प्रबन्धपत्रमा लेखिएको कुराहरु कम्पनी ऐन २०६३ वा अन्य प्रचलित कानुनसँग बाझिएमा बाझिएको हदसम्म स्वतः वदर हुनेछन्।

१५. **संस्थापकले तत्काल लिन कबुल गरेको शेयर संख्या र उद्घोषण:** हामी तिला हाईड्रोपावर कम्पनी लि.का संस्थापकहरुले यो कम्पनी संस्थापना गरी प्रचलित कानुन बमोजिम संचालन गर्न मञ्जुर गरेका छौं । यो प्रबन्धपत्रमा उल्लेखित हाम्रो नाम ठेगाना हस्ताक्षर हामीले लिन कबुल गरेको शेयर साक्षी सम्बन्धी व्यहोरा ठीक साँचो हो । कुनै कारणले झुट्टा ठहरिन गएमा कम्पनी दर्ता पश्चात सिर्जना हुने दायित्व व्यहोर्न हामी तयार छौं । यो प्रबन्धपत्रमा लेखिएका कुरा साँचो हो झुट्टा ठहरे कानुन बमोजिम सहन बुझाउन मञ्जुर छौं भनी सहिछाप गरेका छौं ।

| संस्थाको नाम ठेगाना र सहिछाप | बाबुको नाम | ना.प्र.नं. र जिल्ला | लिन कबुल गरेको शेयर संख्या | साक्षीको नाम थर ठेगाना र सहीछाप | ना.प्र.नं. र जिल्ला |
|---|---|---|---|---|---|
| द…………… नामः का.जि.का.म.पा.७ स्थित नेपाल विधुत प्राधिकरणको तर्फबाट अख्तियार प्राप्त ऐ. को कार्यकारी निर्देशन कुलमान घिसिङ छाप | | | ३१०००००० तिन करोड दश लाख | द……. नामः ठेगानाः दा वा | |

मस्यौदाकार कानुन व्यवसायी
दस्तखतः
नामः
अधिवक्ता प्र.प.सं.
ठेगानाः
इति संम्वत् २०७३ साल माघ गते रोज………… शुभम्……………………

आज्ञाले,
नामः मीन बहादुर रावल
पद : प्रमुख प्रशासकीय अधिकृत